कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

पियोर इनर्जी लिमिटेड
Pure Energy Limited

रजिष्टर्ड कार्यालय : काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोक, फोन नं.: ०१-५६७१२००/२०१
इमेल: info@pureenergynepal.com वेवसाइट: www.pureenergynepal.com

को

साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

पियोर इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये २% अर्थात रु.१,६०,००,०००/- (अक्षरेपी एक करोड साठी लाख) रकम बराबरको रु.१००/- अंकित दरको १,६०,००० (एक लाख साठी हजार) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात बाँके जिल्लाका स्थानीय बासिन्दाहरुको लागि र जारी पूँजीको १८% अर्थात १४,४०,००० कित्ता साधारण शेयरको १०% अर्थात १,४४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरु, ५% अर्थात ७२,००० कित्ता सामुहिक लगानी कोष, २% अर्थात २८,८०० कित्ता कम्पनीका कर्मचारीलाई बाँडफाँड गरे पश्चात् बाँकी रहेको ११,९५,२०० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८१ चैत्र २८ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०	दरखास्त दिन पाउने अधिकतम कित्ता : १,००,०००

दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने

क्र.सं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट www.nabilinvest.com.np
२.	पियोर इनर्जी लि. का.म.न.पा. वडा नं.१३, काठमाडौं र वेवसाइट www.pureenergynepal.com
३.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरणपत्र निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनीको साथै नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ।

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

साधारण शेयरको बिक्री खुल्ला अवधि

निष्काशन खुल्ला हुने मिति	:	**२०८१/१२/२८ गतेदेखि**
निष्काशन बन्द हुने मिति (छिटोमा)	:	**२०८२/०१/०२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म**
निष्काशन बन्द हुने मिति (ढिलोमा)	:	**२०८२/०१/११ गते (बैंकिङ्ग समय पश्चात्) सम्म**

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

विवरण	वास्तविक			पौष मसान्त	प्रक्षेपित		
	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.२०८१/८२*	आ.व.०८१/८२	आ.व.०८२/८३	आ.व.०८३/८४
प्रति शेयर नेटवर्थ (रु.)	९८.६०	९९.२७	९६.४५	९६.८२	१०१.४३	११०.६४	१२०.४९
प्रति शेयर आम्दानी (रु.)	(०.३५)	(०.३९)	(२.७५)	०.३८	५.२६	५.२१	५.८६
संचित नाफा/नोक्सान (रु.)	(१९,०६,७९२.६३)	(४१,३७,२६२.३३)	(२,२६,५४,६९६.४४)	(२,०३,४६,३३६.२०)	१,१४,०८,४१४.७५	८,५०,८५,६३६.२६	१६,३५,५५,४०४.६०

* लेखापरिक्षकबाट प्रमाणित पौष मसान्तको अपरिष्कृत वित्तिय विवरण।

आयोजनाको नाम	उत्पादन क्षमता	कुल लागत रकम करोडमा (रु.)*	प्रति मेगावाट लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.सं.)	अनुमति बहाल रहने मिति	विद्युत उत्पादन अनुमतिको बाँकी अवधी	साधारण लगानी फिर्ता हुने अवधी	डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी
सौय पि.भि. विद्युत आयोजना ब्लक-१	(१० मे.वा.)	१२५.४७	१२.५५	२०७७/०९/०२	२१०२/०९/०१	२० वर्ष ११ महिना	८.१२ वर्ष	१२.४२ वर्ष
सौर्य पि.भि. विद्युत आयोजना ब्लक-२	(१० मे.वा.)	११७.०६	११.७१	२०७७/०८/२९	२१०२/०८/२८	२० वर्ष ११ महिना		

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लिमिटेड (Care Ratings Nepal Ltd), काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०५/१३ गते "CARE-NP BB+ (Is) (Double B Plus [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। उक्त क्रेडिट रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations in Nepal." भन्ने जनाउँछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०५/१३ **क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८२/०४/२०**

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१ चैत्र १८ गतेको** "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.nabilinvest.com.np, निष्काशनकर्ता कम्पनीको वेवसाइट www.pureenergynepal.com अथवा नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np